आज मिति २०७६ चैत्र १५ गते शनिवार दिनको १:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार विष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगर कार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगर कार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री कृष्णप्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डा :**

**१. कोरोनाबाट हुने जोखिम न्यूनीकरण सम्बन्धमा**

**२. विविध ।**

**निर्णय नं १**

विश्वव्यापी रुपमा फैलिरहेको कोरोनावाट हुने जोखिम न्यूनीकरण सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका नगरवासीहरुलाई कोरोनाको जोखिमवाट बचाउन देहाय बमोजिम कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकाभित्र दैनिक ज्याला मजदुरी गरी ज्यालावाट दैनिक जीवन निर्वाह गर्ने श्रमिक मजदुरहरुको देहाय बमोजिम ढाँचामा वडा–वडाबाट विवरण लिने ।

**श्रमिकको विवरण** :

| क्र.सं. | नाम | ठेगाना | काम गर्ने स्थान/विवरण | भाडामा बस्ने घरधनीको नाम, ठेगाना | परिवारको सदस्य संख्या | बसाईको किसिम स्थायी/अस्थायी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(ख) यस नगरपालिकाभित्रका अपाङ्गता भएका महिला, सुत्केरी (६ महिनासम्मको) र एकल महिलाको विवरण वडाले संकलन गरी नगरपालिकामा उपलब्ध गराउने।

(ग) कोरोना भाइरसको जोखिम न्यूनीकरणका लागि नेपाल सरकारवाट जारी भएको लकडाउन अवधिभरी स्वास्थ्य संस्थामा आई काम गर्ने एवम् खटिने स्वास्थ्यकर्मी/सवारी चालक/कर्मचारीहरु एवम जनप्रतिनिधिहरुलाई कोरोना सम्बन्धी विरामी भएमा सम्पूर्ण औषधि उपचार खर्च व्यहोर्ने र मृत्यु भएमा निजको परिवारलाई रु.१०,००,०००/- (दस लाख) विपद व्यवस्थापन कोषवाट उपलब्ध गराउने ।

(घ) लकडाउन अवधिभरी स्वास्थ्य चौकीमा डिउटी गर्ने स्वास्थ्यकर्मी/खटाइएका स्वास्थ्यकर्मीलाई १ महिनामा २५ लिटरका दरले इन्धन दिने र प्रतिदिन डिउटी अनुसार रु. ५००/- (पाँच सय)भत्ता उपलब्ध गराउने ।

(ङ) विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसको जोखिम न्यूनीकरण गरी नगरवासीहरुलाई सुरक्षित राख्न कोरोनाबाट हुने जोखिम कम गर्न गर्नुपर्ने अत्यावश्यक कामका लागि खर्च गर्न प्रति वडा रु. २,००,०००/- (दुई लाख) विपद व्यवस्थापन कोषवाट विनियोजन गरी खर्च गर्ने । उक्त

रकममध्ये पहिलो पटक रु. १,००,०००/- (एक लाख) वडा अध्यक्ष वा निजले तोकेको कर्मचारी/पदाधिकारीलाई पेश्की दिने ।